# परिचय

नामथर : राम कृष्ण श्रेष्ठ

जापान : २००७ साल ९ महिना

शिक्षा : जापानको युनिर्भसिटी पुरा

हाल : व्यवसायी

संस्थागत विवरण

फुकुओका नेपाल सोसाइटी सदस्य २००९

फुकुओका नेपाल सोसाइटी उपाध्यक्ष २०१०

फुकुओका नेपाल सोसाइटी अध्यक्ष २०११

नेपाल फेस्टीबल फुकुओका संयोजक २०१२–१७ सम्म

२०१७–१९ 九州ネパール友好協会 उपसंयोजक

२०१९–२१ एनआरएनए जापान सदस्य

२०२१–२३ एनआरएनए जापान उपाध्यक्ष



रामकृष्ण श्रेष्ठको उमेदवारी घोषणा सभा

मिति : २०२३ जुलाई १५ तारीक

# प्रतिवद्धताहरु

**क. आर्थिक पारदर्शिता**

१.संस्थाको आर्थिक कारोबार पारदर्शिता छर्लंग हुने गरी काम गर्ने छु । यो कार्य केन्द्र मात्र नभई सबै क्षेत्रीय समितिहरूलाई समेटने छु । यसको लागि प्रविधिको प्रयोग गरी  त्रैमासिक रूपमा आर्थिक रिपोर्ट बनाइ सम्पुर्ण सदस्यहरूलाई मेल मार्फत पठाउने व्यवस्था गर्ने छु । त्यस्तै महत्वपूर्ण कार्यकम सम्पन्न भएको एक हप्ता भित्र आर्थिक तथा प्रगती प्रतिवेदन प्रकाशन गरिने छ ।

२. क्षेत्रीय कमिटीहरूको प्रत्येक ६ महीनामा आर्थिक प्रतिवेदन तथा प्रगती प्रतिवेदन केन्द्रसंगको समन्वयमा वेवसाइट मार्फत प्रकाशन गरिने छ ।

३. प्रत्येक क्षेत्रको आफ्नै बैंक खाता खोल्न सहकार्य गरीने छ । आर्थिक कारोबार बैंकबाट मात्र गर्ने गरी नितीगत परीवर्तन गरिने छ ।



# प्रतिवद्धताहरु

## ख. जापान सरकार र नेपाल सरकारसंग समन्वय

१. जापान सरकारको असमान नीतिहरूलाई नेपाल सरकारसंगको समन्वयमा परिवर्तनको लागी पहल गरिने छ ।

२. दोहोरो कर प्रणालिलाई हटाउन सरकारी सरोकारवाला निकायहरूसंग छलफल तथा पहल गरिने छ ।

३. शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा नेपालको बिकासको लागि समन्वय गरी बिज्ञ मार्फत अनुसंधानका लागी छलफल गरि संस्थागत तर्फबाट आवश्यक पहल गरिने छ ।

४. नेपाल दुतावास टोकीयो तथा बाणिज्य दुतावासको कामलाई अझ राम्रो गर्न आवश्यक पहल ब्यबस्था गरिने छ ।

५. जापान सरकार तथा विश्व बिध्यालयका प्रोपेसरहरु मार्फत जापान बासी नेपालीको हितमा गरीने विभीन्न अनुसंधानका लागी पूर्णरूपमा सहयोग गरिने छ ।



रामकृष्ण श्रेष्ठको उमेदद्वारी घोषणा सभा

मिति : २०२३ जुलाई १५ तारीक

# प्रतिवद्धताहरु

## ग. सदस्यता नबिकरण

१. हाल सम्म भइरहेको सदस्य बन्ने सीस्टम आईसीसीसंग समन्वय गर्दै वर्ष भरी नै सदस्यता वितरणको व्यवस्था गरीने छ । एक वर्ष बनेका सदस्यहरूलाई अर्को वर्ष पुन सुरूवातबाट नभै नबिकरण मात्र गरे हुने व्यवस्था गरीने छ ।

२.एनआरएनएले दिने सेवामा पहिलो प्रथामिकता एनआरएनएका सदस्यहरूलाई दिइने छ ।

३. सदस्यहरूलाई सुख दुखमा सहयोगका लागि छुटै कोषको ब्यबस्था गरिने छ ।



# प्रतिवद्धताहरु

**घ. क्षेत्रीय समितिहरूलाई ससक्त र शक्ति साली बनाउने**

१. क्षेत्रीय समितिहरूलाई ससक्त बनाउन यस वर्ष देखि दिदै आएको सदस्यता शुल्क निरन्तरता दीइने छ ।

२. प्रत्येक ६ महीनामा एउटा सबै क्षेत्रलाई समेटने गरी कार्यक्रम गरिने छ । जसको लागि केन्द्रको पहिलो बैठकबाट विज्ञहरूको सहभागीतामा वार्षिक कार्ययोजना तयार पारीने छ ।

३. आवश्यकताको आधारमा क्षेत्रीय समिति बिस्तार गरिने छ ।

४. क्षेत्रीय समितिलाई आईसीसीले सम्बोधन गरेको छैन । यसलाई आईसीसीको बिधानमा राखी आइसीसीबाट पनि सहयोग गर्ने वातावरण बनाउन पहल गर्दै थप अधिकार दिलाउने छु ।



# प्रतिवद्धताहरु

**ङ. ज्ञान पूजी र शिप नेपाल लैजाने अभियान**

१. जापानमा भएका सरकारी तथा गैर सरकारी निकायहरूसंग समन्वय गर्दै नेपालमा विदेशी लगानी बढाउनका लागी पहल गर्ने छु ।

२. जापानमा अध्ययन गरी विज्ञता हासिल गरी नेपाल फर्कन इच्छुकहरूलाई नेपाल सरकारसंगको समन्वयमा जापानमा सिकेको ज्ञान सीप प्रयोग गर्ने गरी व्यवसाय संचालनका लागी आवश्यक सहयोग तथा जापानमा भएका कम्पनीहरूसंग समन्वय गर्न सहयोगी भुमीका निर्वाह गरीने छ ।

३. एनआरएनए जापानको लगानी कोष स्थापना गरी नेपालमा लगानी गर्नका लागी विज्ञहरूसंगको सहकार्यमा कार्ययोजाना तयार गर्नेछु ।



# प्रतिवद्धताहरु

## च. मिनि नेपाल र नेपाली भाषा केन्द्र स्थापना

१. प्रत्येक क्षेत्रीय समिति भएको ठाउमा त्यहाका स्थानीय सरकार र एनआरएनए लगाएत विभीन्न संघसंस्थाहरूसंग समन्वय गरी नेपाल र नेपालीको पहिचान झल्काउने खालको मिनी नेपालको अवधारणा सहित नेपाली भाषा केन्द्रको स्थापना गरिने छ ।

२. नेपालको कला संस्कृतिको संबर्धन गर्न वर्षको एक पटक जापान भरी एकै पटक बृहत कार्यक्रम आयोजना गरिने छ ।



NRNA
NCC - JAPAN
Non Resident Nepali Association

# प्रतिवद्धताहरु

छ. हाल सम्म प्रत्येक वर्ष नेपाल फेस्टीबलको आयोजना गर्दै आइरहेको क्षेत्रमा निरन्तरताका लागी पहल सहित सुरूवात नभएका क्षेत्रमा पनि सुरु गराउन पहल गरीने छ ।

ज. नेपाली दुतावाससंगको सहकार्यमा सुरूवात भएको घुम्तीसेवालाई अझै प्रभावकारी रूपमा निरन्तरता दिनका लागी आवश्यक पहल गरीने छ ।

झ. जापानबासी नेपालीहरू र जापानिजहरू बीच आवश्यक सहकार्य तथा समन्वयका लागी जापानमा भएका सबै सघसंस्थालाई एकित्रित गरी एनआरएनए जापानले अभिभावकीय जिम्मेवारी निर्वाह गर्नेछ ।

